नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।
मितिः २०७४।४।२८

## गृह मन्त्रालयवाट जारी सार्वजनिक अपिल

विगत केही दिन देखि परिरहेको अविरल वर्षाका कारण मुलुका विभिन्न क्षेत्रहरु बाढी, पहिरो र डुवानमा परेका छन् । मुख्य रुपमा झापा, मोरङ्ग, सुनसरी, सप्तरी, रौतहट, सर्लाही, दाङ्ग, बाँके, लगायतका जिल्लाहरुका विभिन्न स्थानहरु बाढी र डुबानबाट बढी प्रभावित भएका छन् । यसैगरी मध्य पहाडी क्षेत्रका विभिन्न स्थानहरुमा पहिरो गएको छ । बाढी, पहिरो र डुवानबाट जनधनको ठुलो क्षति भएको छ । यसबाट सार्वजनिक जीवन प्रभावित हुन पुगेको छ ।

खोज, उद्धार र राहतका लागि स्थानीय प्रशासनको नेतृत्वमा नेपाली सेना, नेपाल प्रहरी , सशस्त्र प्रहरी बल, नेपालका तालिम प्राप्त सुरक्षाकर्मीहरु र अन्य उपलब्ध जनशक्तिहरुको परिचालन उच्च प्राथमिकताका साथ भइरहेको छ । गृह प्रशासनले नेपाल सरकारका सबै निकायहरुबीच आवश्यक समन्वय गरिरहेको छ । यस कठिन घडीमा खोज, उद्दार र राहत कार्यमा सहयोग पुर्याउन र समस्यामा परेका परिवारहरुलाई दैनिक जीवनमा आवश्यक पर्ने खाद्यान्न लगायतका सामग्रीहरु उपलब्ध गराउने कार्यमा आ-आफ्नो तर्फबाट सहयोग गर्न उद्योगी, व्यवसायी, सामाजिक क्षेत्रमा क्रियाशिल संघसंस्थाहरु, समाजसेवी र सञ्चारमाध्यम सबैमा गृह मन्त्रालय हार्दिक अपिल गर्दछ ।

साथै देशका विभिन्न नदीहरुको जल सतह बढी रहेको र केही नदीहरुको जल सतह खतराको तह भन्दा माथि गएको हुँदा सम्बन्धित सबैले आआफ्नो तर्फबाट उच्च सतर्कता अपनाउन हुन समेत गृह मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

२०७४/४/२८

दिपक काफ्ले
सह-सचिव/प्रवक्ता